नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १०२ २०८१ साल मंसिर १ गते शनिबार (16 Nov. 2024 Saturday) मूल्य रु. ५/-

### डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : छोरे रोगले निम्त्याउने.. ३ पृष्ठमा : वैश्विक तापक्रम वृद्धिको दुष्परिणाम ... ३ पृष्ठमाचन्द्रमाको टाढाको भागमा...

# संघीयता आएपछि मुलुकमा विकास भएको छ : संचारमन्त्री मन्त्री लेखी




**दैनिक समाचारदाता राजविराज, ३० कात्तिक ।**
मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले मुलुकमा संघीयता आएपछि विकास भएको बताएका छन् ।

शुक्रबार सप्तरीको सप्तकोशी नगरपालिका ४ स्थित फत्तेपुरमा मधेश प्रदेशको मिडिया काउन्सिलले आयोजना गरेको पत्रकार आचारसंहिता पालना सम्बन्धि गोष्ठीमा बोल्दै उनले यस्तो बताएका हुन् ।

"संघीयता आएपछि मुलुक झनै विकासको तर्फ अग्रसर भएको छ" संघियताले मुलुक बिखण्डन हुने बताउँदै आएकाहरुप्रति लक्षित गर्दै मन्त्रि लेखीले भने, "छिमेकी राष्ट्र भारत स्वतन्त्र भएको ७५ वर्ष बितिसक्दा पनि त्यहाका विभिन्न प्रदेशहरुको ग्रामिण क्षेत्रको विकास अझै हुन सकेको छैन, तर ७ वर्ष अघि मात्र नेपालमा आएको संघीयताले यहाँका विभिन्न ग्रामिण क्षेत्रमा विकास भएको छ ।"

संघीयता आउनु अघि साईकल समेत चल्न अप्ठ्यारो हुने गाउँमा अहिले गाडी गुडिरहेको छ, अनि संघीयतामामा विकासै भएको छैन् भन्नु गलत भएके उनले बताए ।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका मन्त्री लेखिले संघीयताले राष्ट्रियतालाई झनै बलियो बनाएको तर्क गरे ।

अहिलेको परिवेशमा सूचना प्रबिधिको विकाससंगै प्रतिस्पर्धा बढेका कारण सञ्चारकर्मीमा पनि दक्षताको अभिबृद्धि आवश्यक रहेको उनले बताए ।

२०४६ भन्दा अगाडि मिशन पत्रकारिता, बहुदलीय व्यवस्था आएपछि अर्को परिस्थिति र अहिले सूचना प्रबिधिको विकाससंगै प्रतिस्पर्धाको समय आएको भन्दै लेखिले पत्रकारहरुमा पनि दक्षता अभिबृद्धि हनुपर्नेमा जोड दिए ।

संघीयताको आएपनि प्रदेशले अधिकार पाउन नसकेको बताउँदै संबिधानले दिएको अधिकारबाट पनि प्रदेशले बञ्चित हुनु परेको कुरा सञ्चार क्षेत्रका लागि पनि प्राथमिकताको विषय बन्नु पर्ने उनको जिकिर थियो ।

संबिधानले व्यवस्था गरेको स्वायत्त क्षेत्र, स्वायत्त ईलाका बन्न नसकेको भन्दै उनले यस विषयलाई राजनीतिकर्मी र पत्रकार दुबैले उठाउन आवश्यक रहेको बताए ।

कार्यक्रममा प्रदेश सांसद किरण कुमारी साहले राज्यको चौथो अंग मानिएको सञ्चार क्षेत्रलाई व्यवस्थित, मर्यादित र पत्रकारहरुको जीवनयापन सहज बनाउन प्रदेशसभामा नीति, कार्यक्रम तथा ऐन ल्याउन आवश्यक रहेको भन्दै मन्त्रि लेखीको ध्यानाकर्षण सहित आफुले पनि यसका लागि पहल गर्ने प्रतिबद्धता जनाइन ।

मधेश प्रदेश नीति तथा योजना आयोगकी सदस्य डा. शिला मिश्रले मिडियाको विकाशका लागि नीती तथा योजना आयोग र मन्त्रालयहरुबीच समन्वय गरेर मधेश प्रदेशका आठ वटै जिल्लाका लागि आवधिक योजना बनाएर अघि बढ्न थालेको बताईन ।

मधेश प्रदेश मिडिया काउन्सिलका सदस्य समेत रहेका पत्रकार महासंघ मधेश प्रदेशका सभापति राजेश कर्णले कार्यपत्र प्रस्तुत गर्दै मिडिया क्षेत्रमा देखिएका समस्या, चुनौती र त्यसमा पत्रकार संघ संगठन र राज्यले खेल्नुपर्ने भुमिका बारे आवश्यक सुझाव समेत राखेका थिए ।

मधेश प्रदेश मिडिया काउन्सिका कार्यबाहक अध्यक्ष कैलाश दासको अध्यक्षतामा आयोजित कार्यक्रममा समन्वयकर्ता पत्रकार महासंघ सप्तरीका सभापति श्रवण देव, आम सञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादव, सप्तकोशी नगरपालिकाका मेयर कृष्ण ढकालका साथै सहभागी पत्रकारहरुले पनि पत्रकार आचारसंहिताको पालना कार्यान्वयन बारे आ-आफ्नो सुझाव राखेका थिए ।

# विभिन्न पार्टी परित्याग गरि कांग्रेसमा प्रवेश



**दैनिक समाचारदाता राजविराज, ३० कात्तिक ।**
सप्तरीको डाक्नेश्वरी नगरपालिकामा विभिन्न पार्टी परित्याग गरि एक सय जना भन्दा बढी नेपाली काँग्रेसमा प्रवेश गरेका छन् ।

नेपाली काँग्रेस वडा कार्य समितिको आयोजनामा शुक्रबार आयोजित बृहत पार्टी प्रवेश कार्यक्रममा उनीहरुलाई प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादवले पार्टी प्रवेश गराएका हुन् ।

छोटेलाल यादवको अध्यक्षता आयोजित कार्यक्रममा समाजवादी युवा संघका प्रदेश सभा कार्यसमिति सदस्य इन्द्रदेव यादव, लोसपा पार्टीका नेता पूर्बवडा अध्यक्ष बिजय कुमार चौधरी, प्रमोद कुमार पुरी लगायत विभिन्न पार्टी त्याग गरी नेपाली काँग्रेसमा प्रवेश गरेको जनाइएको छ ।

# वडाध्यक्ष साहको निधन

**दैनिक समाचारदाता रौतहट, ३० कात्तिक ।**
रौतहटको ईशनाथ नगरपालिका १ का वडाध्यक्ष बिगु साहको उपचारका क्रममा निधन भएको छ । मिर्गौला रोगबाट पीडित ६१ वर्षीय वडाअध्यक्ष साहको बिहीबार राति निधन भएको हो ।

२०७४ सालको स्थानीय निर्वाचनमा नेपाली कांग्रेसबाट र २०७९ को निर्वाचनमा लोकतान्त्रिक समाजवादी पार्टीबाट उनी निर्वाचित भएका थिए ।

**खुशीको खबर ! खुशीको खबर !! खुशीको खबर !!!**

**राजविराजबाट सिरहा माडरसम्मको आरामदायी यात्राका लागि**
सिरहा रोड राजविराजस्थित राम मन्दिरदेखी बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुलाकी सडक हुँदै सिरहा माडरका लागि यही कात्तिक २३ गतेदेखी **विंगर** संचालन भएको जानकारी गराइन्छ ।

**सम्पर्क व्यक्ति**
**गुलाब यादव**
सम्पर्क नं. ९८०५९००५११

# डिजेल र मट्टितेलको मूल्य बढ्यो

**दैनिक समाचारदाता काठमाडौँ, ३० कात्तिक ।**
नेपाल आयल निगमले डिजेल र मट्टितेलको मूल्य बढाएको छ । निगम सञ्चालक समितिको शुक्रबारको बैठकले मध्यरातदेखि लागू हुने गरी डिजेल र मट्टितेलको साबिकको बिक्री मूल्यमा प्रतिलिटर तीन रुपैयाँ बढाएको हो ।

मूल्य समायोजनसँगै डिजेल/मट्टितेल पहिलो बर्गका लागि प्रतिलिटर एक सय ५० रुपैयाँ ५० पैसा, दोस्रो बर्गमा एक सय ५२ रुपैयाँ र तेस्रो बर्गका लागि प्रतिलिटर एक सय ५३ रुपैयाँ कायम भएको छ ।

निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपो पहिलो वर्ग, सुर्खेत र दाङ दोस्रो तथा काठमाडौँ, पोखरा र दिपायलस्थित डिपोलाई तेस्रो वर्गमा वर्गीकरण गरेको छ ।

इन्डियन आयल कर्पोरेशनबाट शुक्रबार प्राप्त नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा रु ०.३२ र डिजेलमा रु २.५४ ले बढेर आएकाले मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

**जाडो मौसममा चिसोबाट बचौं**

- जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका तथा बृद्धबृद्धालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ्गवाक नगरौं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# छारे रोगले निम्त्याउने स्वास्थ्य सङ्कट

**डा राजीव झा**

काठमाडौं, ३० कात्तिक (रासस) ।

हाम्रो मस्तिष्कमा करोडौं स-साना नसाका न्यूरोनहरुको प्रवाह भएको हुन्छ । तिनै नसाले हाम्रो शरीरका जति पनि अङ्गहरु छन्, तिनको सञ्चालन गरेका हुन्छन् । मस्तिष्कलगायत स्नायु प्रणालीका अङ्ग विद्युतीय तरङ्ग जस्तो प्रतिक्रियाबाट चलेको हुन्छ । शरीरका विभिन्न अङ्ग चल्दा पनि फरक फरक विद्युतीय तरङ्गले काम गरेको हुन्छ। शरीर सञ्चालन गर्ने वा रोक्ने तिनै विद्युतीय तरङ्गमा सन्तुलन नभएमा मानिस बेहोस हुने, कुनै अङ्ग नचल्ने वा अन्य असामान्य अवस्था सिर्जना हुने हुन्छ । कतिपय अङ्गका कामहरु हामीले देख्न, अनुभव गर्न सक्छौं भने कतिपय देख्न र अनुभव पनि गर्न सकेका हुदैनौं । केही कारणले त्यो प्रवाहमा अवरुद्ध भयो भने त्यहाँ असामान्य अवस्था हुन्छ र त्यसले अस्वाभाविक तरङ्ग पैदा गर्छ । त्यसले शरीरको कुनै भागमा झड्का हुने वा पूर्ण रुपमा बेहोस हुने गर्दछ, त्यसलाई नै हामी छारेरोग भन्ने गर्छौं । मस्तिष्कको जुन भागको नसामा छारे रोगको असर पर्छ त्यही भागमा लक्षण देखिने गर्दछ ।

छारे रोग भनेको मस्तिष्कबाट उत्पन्न हुने एक प्रकारको रोग हो । यस रोगमा मस्तिष्कमा क्षणिक खराबी उत्पन्न हुँदा होस हराउने, लड्ने, बेहोस हुने, कम्पन हुने, चोटपटक लाग्नसक्ने हुन्छ । छारेरोगमा बेहोसै हुनुपर्छ भन्ने छैन । यस्ता बिरामीको कुनै अङ्ग अस्वाभाविक रुपमा चल्ने, आँखा फर्फराउने, कोही बेहोस नै हुने हुन्छन् । कतिपयले जिब्रो टोक्ने, आँखा बाङ्गिने, मुखमा फिज आउने, र्‍याल आउने, ओठ टोक्ने, घाँटी बटार्ने, शरिर काठजस्तै कडा बनाउने गर्छन् । कतिपय क्षणमा दिसा पिसाब समेत नियन्त्रणमा हुँदैन।सामान्यतया: यस्तो अवस्था २०-३० सेकेण्ड रहन्छ र विस्तारै पहिलेकै अवस्थामा आउँछन् ।

नेपालमा कति मानिस यस रोगबाट ग्रसित छन् भन्ने यकिन तथ्याङ्क छैन । विश्व स्वास्थ्य संगठनले कुल जनसङ्याको एक प्रतिशतलाई छारे रोग हुन्छ भनेको छ। त्यस आधारमा नेपालमा साढे तीन लाखभन्दा बढी छारे रोगका बिरामी रहेको अनुमान गर्न सकिन्छ।विश्वभरि ५० मिलियन मानिसलाई छारे रोग छ।त्यसको ८० प्रतिशत समस्या हाम्रो जस्तो देशहरूमा छ। छारेरोग विश्वमा नसासम्बन्धी रोगहरुमध्ये पहिलो स्थानमा रहेको छ । नेपालमा छारेरोग ठूलो जनस्वास्थ्य समस्याको रुपमा रहेको पाइन्छ । छारे रोगकै कारण कतिपय बालबालिकाले बीचमै विद्यालय छाडेका छन् भने कतिपयले रोजगारी गुमाएका छन् । अझ महिलाहरुमा यो जटिलता अझ बढी रहेको पाइन्छ । बिबाह नै नहुने, भइहाले पनि पारिवारिक विचलन आउने गरेको देखिन्छ ।

नेपालमा छारेरोग भएकामध्ये ७० प्रतिशत मानिसले उपचारबाट बञ्चित छन् । जबकि, उपचार गरियो भने छारेरोग लागेकामध्ये ७० प्रतिशतको रोग निको हुन सक्छ भने बाँकी ३० प्रतिशत बिरामीले आफूलाई छारेरोग भएको पत्तो नै पाएका छैनन् । उनीहरुलाई औषधिको सेवनबाट रोगलाई नियन्त्रणमा राख्न ससकिन्छ । कतिपय बिरामी चिकित्सकको सम्पर्कमा आउन नचाहने हुन्छन् । अझै पनि गाउँघरमा यसलाई लुकाउने, झारफुक गर्ने जस्ता प्रवृत्ति रहेको छ । कति बिरामीले आफूखुसी औषधि छोड्ने गर्दा पनि रोग निको हुन गाह्रो हुन्छ।यसबारे जनचेतना, विज्ञ र उपचारको सहज पहुँच नुहँदा यो गम्भीर समस्याको रुपमा रहेको छ ।

**कस्ता व्यक्तिमा लाग्दछ ?**

यो रोग यति नै उमेर समूहको मानिसमा लाग्छ भन्ने छैन, मान्छेको जन्मदेखि अन्तिम अवस्थासम्म पनि छारेरोग हुनसक्छ ।किनकी यो रोग मस्तिष्कको विकारका कारण हुने गर्दछ । खासगरी १२ वर्षदेखि ४० वर्षसम्मको उमेर समूहलाई यसले बढी देखिएको छ । कतिपय व्यक्तिमा जन्मजात नै मस्तिष्कमा अनेक दागहरु हुन्छ । बच्चाको दिमागमा अक्सिजन नपुग्ने, दिमागमा जुकाको कारण हुने सङ्क्रमण, क्षयरोग वा प्यारासाइटर भएमा, मस्तिष्क रक्तश्राव वा मस्तिष्कघात हुँदा पानी जमेमा, ट्यमर भएमा, चोट लागेमा छारेरोग हुने उच्च सम्भावना रहन्छ । यस्ता बिरामीलाई शल्यक्रियाबाट निको पार्न सकिन्छ ।

**रोगको उपचार विधि के के छन् ?**

यस्ता लक्षणहरूको आधारमा बिरामीको परीक्षण हुन्छ र त्यसकै आधारमा उपचार गरिन्छ । नियमित रूपमा औषधि प्रयोग गरेमा ७० देखि ८० प्रतिशत निको हुन्छ। छारेरोगलाई लापरबाही भने गर्नु हुँदैन । यसले अन्य जटिल अवस्था ल्याउन सक्छ । सामान्यत: छारेरोगले मानिसको ज्यानै लिने नभएपनि यसले बिरामीको व्यक्तिगत, पारिवारिक र सामाजिक रुपमा निकै ठूलो असर पारेको हुन्छ र उनीहरुको व्यक्तित्व विकासमा अवरोध सिर्जना गर्दछ । यस्ता बिरामीलाई एक्लै बाहिर जान नदिने, अन्य व्यक्तिसरह जोखिमपूर्ण काममा नलगाउने जस्ता कारणले उनीहरु थुप्रै अवसरहरुबाट बञ्चित हुनु पर्दछ ।

सबैभन्दा पहिले त औषधिबाटै छारे रोगको उपचार गरिन्छ । औषधिको सेवनले पनि निको भएन भने शल्यक्रियामार्फत पनि उपचार गरिन्छ । यसमा दुईवटा परीक्षणबाट रोगको पहिचान गरीशल्यक्रिया गर्न मिल्छ कि मिल्दैन भनेर थाहा पाउन सकिन्छ । पहिलो मस्तिष्कको एमआरआई हो । यसका लागि एमआरआईको प्रोटोकलअनुसारको परीक्षण गरिनुपर्छ । दोस्रो इइजी अर्थात मस्तिष्कको चाल हेर्ने । यी दुवै परीक्षणबाट ७५ देखि ८० प्रतिशत मात्र कारण पत्ता लाग्न सक्छ । अझै २५-३० प्रतिशतमा के कारणले छारेरोग लागेको हो भन्ने थाहा हुन सकेको छैन । यस्ता खालका बिरामीलाई लामो समयसम्म छारेरोगको औषधि खुवाउनुपर्छ । उनीहरुलाई दुई वर्षसम्म औषधि दिएर त्यसको प्रभाव हेरेपछि विस्तारै बन्द गर्ने गरिन्छ । कतिपयमा दोहोरिएको पनि छ । त्यसरी दोहोरिएको अवस्थामा उनीहरुले जीवनभर नै औषधि खानुपर्ने हुन्छ ।

औषधिले पनि निको नभए भिएनएस (भेगर्स नर्भ स्टिमुलेशन) प्रविधिबाट उपचार गरिन्छ । भिएनएस भन्नाले एक किसिमको उपकरण हो, जसलाई सामान्य शल्यक्रिया गरी शरिमा जडान गरिन्छ । यो प्रविधि निकै महंगो छ । नेपालमा सामान्यत: यसको मूल्य १३/१४ लाख रुपैया पर्न आउँछ । विश्वमा यस प्रविधिको विकास भएको दुई/तीन वर्ष मात्रै भएको छ भने नेपालमा भित्रिएको छ/सात महिना मात्रै भएको छ । हाल यो सुविधा बीर अस्पताल, अन्नपूर्ण न्यूरो अस्पताल र नर्भिक अस्पतालमा मात्रै उपलब्ध छ । छारेरोगका बिरामीले नियमित औषधि खानुपर्ने भएकाले सरकारले सकेसम्म नि:शुल्क उपलब्ध गराउन पहल गर्नुपर्ने, त्यसो नभए पनि केही अनुदान दिन सके विपन्न वर्गका जनतालाई निकै सहज हुने देखिन्छ ।

**छारेरोगबाट बच्ने कसरी ?**

कुनै पनि रोग लागेपछि उपचार गर्नुभन्दा लाग्नै नदिनु नै सबैभन्दा उपयुक्त बाटो हो । तर यसो भन्दैमा सबै मानिस निरोगी हुन्छन् भन्ने पनि होइन । अन्य रोगजस्तै छारेरोगबाट पनि मानिस ग्रसित हुने गर्दछ । छारेरोगबाटबच्नका लागि केही उपायहरुमा ध्यान दिन सकिन्छ ।

-गर्भावस्थामा र बच्चा जन्मिने बेला विशेष ध्यान दिनुपर्छ । यस्तो बेला बच्चाको मस्तिष्कमा चोट लाग्नसक्छ र त्यसले पछि बच्चा छारेरोगी हुन पुग्छ ।

-रक्सीको सेवन गर्ने व्यक्तिमा यो रोग लाग्ने सम्भावना उच्च हुन्छ । रक्सीसेवन गरेपछि जहाँसुकै लड्ने हुँदा मस्तिष्कमा चोट लाग्नसक्छ र त्यसले छारेरोग हुन सक्छ ।

-सवारीसाधन चलाउँदा सावधानीपूर्वक चलाउनुपर्छ । कुनै दुर्घटना हुँदा टाउकोमा चोट लाग्न गएमा रक्तश्राव वा रगत जम्न गई छारेरोग हुने सम्भावना रहन्छ ।

-छारेरोगबाट बच्ने अर्को उपाय भनेको पक्षघातबाट बच्नु भनेको पनि हो । त्यसैले पक्षघातबाट बच्न राम्रो खानपान, व्यायाम गर्ने, मोटोपन घटाउनुपर्छ ।

-मधुमेह तथा उच्च रक्तचाप हुनबाट बच्न सके पनि छारेरोगको जोखिम धेरै हदसम्म कम हुन्छ ।

**अरुको भूमिका कस्तो हुनुपर्छ ?**

छारेरोग जोकोहीलाई पनि हुनसक्ने हुँदा उनीहरुलाई नकारात्मक व्यवहार नगरी मित्रवत् व्यवहारको खाँचो पर्दछ । उनीहरुमा उच्च मनोबल ल्याउनुपर्छ । छारे रोगको समस्या भएको मान्छेले त्यसलाई नियन्त्रण गर्न सक्दैनन् । केहीजानी बिरामी ढलेको छ भने उसको वरपर भएको चोट लाग्ने वस्तुलाई हटाइदिनुपछ, ताकी टाउकोमा चोट लाग्न नपाओस् । त्यस्तो अवस्थामा वरपरको व्यक्तिले उसलाई सम्हाल्नुपर्ने हुन्छ । ढलेको व्यक्तिको वरिपरि भीडभाड गरिदिनुहुँदैन । बरु यसलाई सजिलोसँग बस्न वा सुत्न सहज वातावरण मिलाइदिनुपर्छ ।

परिवार वा समाजमा कसैलाई छारेरोगको लक्षण देखिएमा चिकित्सककोमा लैजाने वा जाने सल्लाह दिनुपर्छ । जुनसुकै समयमा पनि छारेरोगका बिरामीलाई छोप्ने हुँदा उनीहरुको साथमा परिचयपत्र भएमा आफन्तलाई सम्पर्क गर्न सजिलो हुन्छ । यस रोगका बिरामीलाई सही परामर्शले निको गर्न मद्दत पुग्दछ । मस्तिष्कका कतिपय भाग शल्यक्रिया गर्न नमिल्ने किसिमका हुन्छन्। त्यस्तो ठाउँमा शल्यक्रिया गर्दा रोग निको भए पनि मान्छेको बोली बन्द हुने, कान नसुन्ने, सोच्न नसक्ने जस्ता अनेक समस्या आउन सक्ने भएकाले चिकित्सकले विशेष ध्यान दिनुपर्छ । त्यसैले औषधि, परामर्श र शल्यक्रियाबाट छारे रोगको उपचार हुन्छ ।*(बीर अस्पतालको स्नायुरोग विभाग प्रमुख र नर्भिक इन्टरनेसनल अस्पतालको न्युरो सर्जरी विभाग प्रमुख प्रा डा झासँग गरिएको कुराकानीमा आधारित)*

## डिजिटल लाइसेन्स नियमनका लागि चार सयभन्दा बढी स्मार्ट फोन हस्तान्तरण

काठमाडौं, ३० कात्तिक (रासस) ।

डिजिटल सवारी चालक अनुमतिपत्र नियमनका लागि ट्राफिक प्रहरीलाई चार सय आठ थान स्मार्ट फोन हस्तान्तरण गरिएको छ ।

बागमती प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालयले शुक्रबार ललितपुरमा आयोजित एक कार्यक्रमका बीच बागमती प्रदेशका मुख्यमन्त्रीबहादुर सिंह लामाले प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरलाई स्मार्ट फोन हस्तान्तरण गर्नुभएको हो ।

मुख्यमन्त्री लामाले यसबाट प्रभावकारी यातायात व्यवस्थापनमा सहयोग पुग्ने बताउनुभयो । उहाँले नागरिकको गुनासालाई सम्बोधन गरी आगामी दिनमा ट्राफिक प्रहरीको काम कारबाहीलाई थप प्रभावकारी बनाउँदै लैजान आवश्यक समन्वय गर्दै जाने बताउनुभयो ।

कार्यक्रममा बागमतीका यातायातमन्त्री प्रेमभक्त महर्जन, बागमती प्रदेशसभा सदस्य मधुसुदन पौडेल, बागमती प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री रामेश्वर श्रेष्ठ र यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेलले उक्त स्मार्ट फोनले ट्राफिक व्यवस्थापनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

त्यस अवसरमा प्रदेश यातायात मन्त्रालयका सचिव बलराम निरौलाले मन्त्रालयका भावी योजनाबारे जानकारी दिनुभएको थियो । प्रहरी महानिरीक्षक कुँवरले सीमित स्रोत साधनको अधिकतम सदुपयोग गर्दै प्रभावकारी ट्राफिक व्यवस्थापन गरिहेको नेपाल प्रहरीलाई शुक्रबार हस्तान्तरण भएका स्रोत साधनहरू अत्यन्तै उपयोगीसिद्ध हुने विश्वास लिएको बताउनुभयो । प्रहरीको एकल प्रयासले मात्र ट्राफिक व्यवस्थापन सम्भव नहुने भएकाले सरोकारवाला निकायको सहयोग र समन्वयले ट्राफिक व्यवस्थापनलाई समयानुकूल आधुनिक र प्रविधिमैत्री बनाउँदै पारदर्शी, परिस्कृत र परिमार्जित सेवा प्रवाह गर्न सहजीकरण हुने उहाँले उल्लेख गर्नुभयो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# हिउँद नलाग्दै सुक्न थाले खोला

सिरहा, ३० कात्तिक (रासस) ।

सिरहाको मिर्चैया नगरपालिका-७ स्थित खोरियाटोलकी चमेली सदायलाई नजिकै रहेको चुनिया खोलामा पानी सुक्दै जानथालेपछि चिन्ता बढेको छ । गाईबस्तुलाई खुवाउने पानीको लागि त्यही खोलामा रसाइरहेको पानीमा आश्रित चमेलीजस्तै यस खोरियागाउँका २६ घरपरिबालाई अब पानीको जोहो कसरी गर्ने चिन्ताले सताएको छ ।

दैनिक १०/१५ गाग्री पानी ओसार्ने चमेलीले सुक्दै गरेको खोलातर्फ देखाउँदै सिङ्गो हिउँद समय कसरी पानीको समस्या टार्ने जनाउँदै चिन्ता व्यक्त गर्नुभयो । "दिनदिनै खोलाको पानी सुक्दै जान थाल्यो । अबको एक/दुई दिनमा गाग्रो भर्ने समस्या होला जस्तो छ", गाग्रोमा पानी भर्दै गर्नुभएकी उहाँले भन्नुभयो,"हिउँदको छ महिना पूरै गाउँ काकाकुल हुन्छ । खोला, इनार, कुवा सबै सुक्छन् । मान्छेलेसमेत तिर्ख मेट्ने मुस्किल हुन्छ, बस्तुभाउको के कुरा ।"

चुरेको फेदमा अवस्थित यो गाउँ सुख्खा क्षेत्र भएकोले बर्सेनि खानेपानीको हाहाकार हुने स्थानीयवासी खड्गबहादुर विश्वकर्माले बताउनुभयो । उहाँले भन्नुभयो,"मङ्सिर नलाग्दै पानीका स्रोत सुक्न थाले । पानीकै चरम अभावले बसाइँ सर्ने अवस्था आइसक्यो । न त अघाउञ्जेल पानी पिउन पाइन्छ, न त कुनै बालिनाली सप्रिन्छ । हाम्रो त उठीबासको अवस्था छ ।"

हिउँद समयमा अधिकांश चुरे क्षेत्रका पानीका स्रोत सुक्ने भएकाले दुई घण्टाको बाटो दक्षिणतर्फ धाएर फूलबारियाबाट पानी ओसार्नुपर्ने नियती उहाँले दोहोर्‍याउनुभयो । दुई दशकदेखि खोरिया गाउँमा बस्दै आउनुभएका विश्वकर्माका अनुसार अहिलेसम्म गाउँमा खानेपानी, विद्युत् र सडकसमेत विस्तार भएको छैन । चुनावताका विकासका आश्वासन पाउने गरेपनि सधैंभरी गरिबी, अभाव र पीडामा जिन्दगी चलिरहेको उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, "आसैआसमा जिन्दगी जानेभो हजुर । हामी गरिबको लागि कुनै सरकार रहेनछ ।" अन्नको नाउँमा परम्परागत कोदो खेतीमात्र वर्षमा एक पटक उत्पादन गर्नु यहाँका किसानको बाध्यता हो । अन्य बाली खडेरीले खाने विश्वकर्माको भनाइ छ ।

खोरियागाउँमा पानीको समस्या बारेमा मिर्चैया नगरपालिका बेखबर छैन । गत आर्थिक वर्ष दुई किलोमिटर दक्षिणतर्फ रहेको मौरहामा मधेश प्रदेश सरकारको स्रोतबाट 'डिपबोरिङ' गाड्ने भनी अध्ययनसमेत भइसकेको मिर्चैया ७ का वडाध्यक्ष रामदयाल ठाकुर बराहीले जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा त्यो योजना पूरा गर्नेगरी यस भेगमा अभाव हुने खानेपानीको समस्या समाधान गर्न आँफु लागिपर्ने वडाअध्यक्ष बराहीले प्रतिबद्धता व्यक्त गर्नुभयो ।

जलवायु परिवर्तनको असरका कारण चुरे क्षेत्रका

***बाँकी तीन पृष्ठमा***

# वैश्विक तापक्रम वृद्धिको दुष्परिणाम र हाम्रो भविष्य

**हरिविनोद अधिकारी**

काठमाडौं, ३० कात्तिक (रासस)।

जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन-२९ अजरबैजानको राजधानी बाकुमा भइरहेको छ र मुख्य छलफलको समयमा नेपालले आफ्ना कुराहरु स्पष्टसँग राखेको छ । नेपालको तर्फबाट सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको नेतृत्व गर्दै हिमालको सुरक्षा नै पृथ्वीको सुरक्षा भनेर विश्वको ध्यान नेपालको हिमाल जोगाउने कुरामा आकर्षित गर्नु भएको छ । त्यसो त पोहोर मात्र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुथ्रेसले जलवायु परिवर्तनका कारणले बढ्दो तापक्रमले हिमाली क्षेत्रमा देखिएको हिउँको क्षयीकरण आफ्नै आँखाले देख्नुभएको थियो । त्यतिमात्र होइन, नेपालको भ्रमणका बेलामा हिमाली क्षेत्रको संवेदनशीलतालाई नजिकैबाट महसुस गर्दै ३० प्रतिशतले हिउँ पग्लेर बग्ने हिमनदीको पानीमा कमी आएको नयाँ तथ्य स्पष्ट पार्नु भएको थियो ।

स्मरणीय छ, यो तापक्रम वृद्धि गराउन र सूर्यको तापलाई छानेर आवश्यक मात्र उपलब्ध गराउने प्राकृतिक प्रणाली बिगार्न हामीजस्ता हिमाली पानीमा भरपर्ने र कार्बन अत्यन्त न्यून मात्रामा उत्पन्न गर्ने देशहरुको कुनै दोष छैन । निर्दोष र कुनै कारणविना, अत्यन्त कार्बन उत्सर्जनको परिणाम भोग्ने चाहिँ हामी हुन थालेका छौँ । हाम्रो प्राकृतिक पहाडमा जम्ने हिउँ एउटा निश्चित उचाइपछि जम्ने गर्थ्यो र समय आएपछि त्यही हिउँको भारले तलको हिउँ पग्लने चलन थियो । अब तापक्रम वृद्धिको मारले प्राकृतिक रुपमा निश्चित उचाइमा हिउँ नै पर्न छोडेको छ र बाह्रै महिना हिउँले ढाक्ने पहाड नितान्त काला पहाडको रुपमा परिणत हुन थालेको छ । त्यसले खाने पानी, सिँचाइका लागि आवश्यकपर्ने पानी र जङ्गली जनावरहरुले पिउनका लागि प्रयोग हुने पानीमा कमी हुँदै गएको तथ्य स्पष्ट नै छ ।

जलवायु परिवर्तन चक्रको सुरुआत एकैदिन र एकैरातमा भएको होइन । अहिले हाम्रो साझा घर पृथ्वीमा तापक्रम वृद्धि हुँदै गएको र सूर्यबाट आउने तापलाई रोकेर हामी समक्ष आवश्यक मात्र पठाउने ओजन पत्र विस्तारै नष्ट हुँदैछ । यसो हुनुमा आवश्यकताभन्दा बढी कार्बन उत्सर्जन भएर ओजोन तहलाई समेत नष्ट गराउन थालेको बुझ्न त सकिन्छ तर त्यसको मर्मत गर्ने प्राकृतिक उपाय भनेको अब तत्कालै हरित ग्यास उत्पन्न नगर्ने प्रक्रिया थालनी गर्नुपर्ने हो । विकसित देशहरुका औद्योगिक उत्पादनका कारणले त्यो सम्भव छैन । सन् १९९२ मा नै संयुक्त राष्ट्रसङ्घले जलवायु परिवर्तन र पर्यावरणीय संरक्षणका लागि सहमति तयार गरेको थियो । अनि यसबारेमा सम्मेलन प्रत्येक वर्ष गरेर अद्यावधिक हुने र जसरी पनि जलवायु परिवर्तनका परिणामहरुको लेखाजोखा गर्ने र कसरी त्यसलाई न्यूनीकरण गर्नेबारेमा रणनीति तयार गर्ने भन्ने थियो ।

त्यसो त कोपका विभिन्न सम्मेलनले यस सम्बन्धमा केही प्रयास गरेकै हो । पहिलो कोप सम्मेलन सन् १९९५ मा जर्मनीको बर्लिनमा भएको थियो जसमा विश्वका १९७ देशहरुले भाग लिएका थिए र बढ्दो तापक्रमका बारेमा विहंगम छलफल गरेका थिए र कसरी त्यसको परिणामलाई कमभन्दा कम क्षतिमा परिणत गर्ने भन्ने थियो । त्यस्तै तेस्रो सम्मेलन क्योटो (जापान) मा भएको थियो, जसले जलवायु परिवर्तनका कारण हरित गृह ग्यास उत्सर्जन नै हो भनेर त्यसको उत्सर्जनमा सीमित राख्न बाध्य पार्ने खालको क्योटो अभिसन्धि पारित गरेका थिए । कतिपय विकसित देशहरुले त्यसमा ओठेसम्मति जनाए पनि आफ्नोतर्फबाट प्रयास गरेनन् र त आजको यो भयावह अवस्था आउन थालेको हो । त्यस्तै सन् २०१५ मा भएको पेरिस सम्मेलनको २१औं कोप सम्मेलनमा विश्वको तापक्रम धेरै बढ्न नदिने जसमा बढीमा १.५ डिग्री सम्ममा सीमित गर्नुपर्ने नीति तयार गरियो । त्यही सम्मेलनमा अनावश्यक रुपमा हरित ग्यासको दुष्प्रभावले परेको समस्या र त्यसको परिणाम न्यून गर्न धनी देशहरुले प्रभावित देशहरुलाई क्षतिपूर्तिस्वरुप सहयोग गर्ने भन्ने पनि प्रस्ताव पारित गरियो ।

तापक्रम वृद्धिका कारणले हामी मानव, पक्षी, वनजङ्गल, हिमाली क्षेत्र, अन्टार्कटिक क्षेत्र परेका छन् । पहाडी भेग, सामुद्रिक तट तथा वन जङ्गल मारमा परेका छन्, जसको पत्ता लगाउने त मानिसहरु नै हुन् । तथा हाम्रो साझा बासस्थान पृथ्वीलाई कसरी जोगाउने भन्ने अहम् प्रश्न उठेकै छ । कस्तो प्रभाव परेको छ भने जलवायुको परिवर्तनले सामुद्रिक तट पनि अछुतो रहेन । यसै कोप सम्मेलनमा राष्ट्रपति पौडेलले हाम्रै सार्क देश मालदिभ्सका राष्ट्रपति महम्मद मैजुनसँग भेटेर हिमाली पहाडी भेग धेरै रहेको नेपाल र समुद्रमा तैरेर बसेको भाग मालदिभ्स अब डुब्नै लागेको भविष्यवाणीसँग कसरी प्राकृतिक अवस्थामा बाँच्ने भन्ने बारेमा छलफल गर्नु भएको देखिन्छ ।

जबजब गर्मी अनियन्त्रित तरिकाले बढ्न थालेको छ नै, त्यसले पृथ्वीको उत्तरी र दक्षिणी भागमा रहेका हिउँका ठूलाठूला ढिस्काहरु समुद्रमा पग्लेर जान थाले । यसले गर्दा समुद्रको पानीमा अनावश्यक रुपमा चिसोपन बढ्न थाल्यो र पानीको सतह बढेर तटीय क्षेत्रका बासिन्दा डुब्ने अवस्था छन् । पानी धेरै चिसो भएर त्यहाँ रहेका सामुद्रिक प्राणीहरु पनि वातावरणीय अनुकूलनमा दुष्प्रभावित भएका छन् र अनि सामान्य तरिकाले समुद्रको पानी वाष्पीकृत भएर मनसुनमा पर्ने पानीको समय फेरिन थालेको छ । उदाहरणका लागि नेपाल, पाकिस्तान, इण्डानेसियाजस्ता देशमा देखिन थालेको छ । कहिल्यै हिउँ नपर्ने साउदी अरबियामा यसपटक हिउँ मात्र परेन, ठूलो पानी परेको छ । त्यस्तै नेपालका हिमतालहरु फुटेर जीवन अस्थिर बनेको छ, पानी मुसलधारे यसरी परेको छ कि कहिल्यै अनुभव नगरिएको बाढी भोग्नु परेको छ र लाखौं मानिस प्रभावित भएका छन् । अचानक हिमपहिरो गएर खुम्बु क्षेत्रको थामेमा गाउँ नै बगायो झिलमिल घाम लागेकै दिन । यसले नदीतटीय क्षेत्रमा जीवन अन्यौलपूर्ण भएको छ ।

अनावश्यक रुपमा पाएको दुष्परिणामको फल कहिलेसम्म भोगिरहने ? आफूले नगरेको पापको फल अनावश्यक रुपमा भोग्नुपर्ने देशहरुका लागि जलवायु परिवर्तनका लागि भोगेको अन्यायको कसरी क्षतिपूर्ति गर्ने ? आजको समस्या भनेको यही हो । सन् २०२३ मा दुबईमा भएको कोप सम्मेलनले हानी र नोक्सानी कोषको व्यवस्था गर्ने ऐतिहासिक निर्णय भएको थियो ।

विश्वमा जलवायु परिवर्तनका परिणामहरु देखिन थालेपछि यसबाट प्रभावित देशहरुका पक्षमा संयुक्त राष्ट्रसङ्घले ध्यान दिन थालेको छ । यो पृथ्वीमा जलवायु परिवर्तनका कारणले प्राकृतिक स्वरुपमा हुन थालेको परिवर्तनलाई ध्यान दिन थालेर नै कोप सम्मेलन गराउँछ र विश्वका हजारौं विज्ञ, भुक्तभोगी र रणनीतिकारहरुको भेला गराउँछ तर हरित ग्याँस उत्पादन गर्ने र ओजोन तह मर्मत गर्नका लागि खासै ठोस प्रयास भएको देखिँदैन । यसको दुष्परिणामबाट नेपाल जस्ता हिमाली क्षेत्र अनि तराई मधेसजस्ता समथर भूमि भएका मुलुक जलवायु परिवर्तनका कारणले खडेरी, बेलामा पानी नपर्ने, अचानक मौसममा परिवर्तन आउने र जनधनको नोक्सान गर्ने कुरा खपेर बस्नु परेको छ ।

नेपाल असंलग्न देशहरुको पनि नेतृत्व गर्छ, सार्कको र बिमिस्टेकको पनि नेतृत्व गर्छ र विश्वको सबैभन्दा ठूला हिमालयहरु र समथर भूमि अनि वनको ठूलो भाग लिएर बसेको छ । नेपालले कति पो कार्बन उत्सर्जन गर्छ होला र ? अनि हामीले अन्तर्राष्ट्रिय मञ्चमा उठाउनु पर्ने प्रश्न हुन्छन् – हाम्रो के दोष छ ? र हामी जलवायुको परिवर्तनको दुष्प्रभाव भोगेर कतिञ्जेल बस्ने ? अनि भएको जनधनको क्षति र प्राकृतिक रुपमा देखिने अन्यौलको क्षतिपूर्ति कसरी पाउने र कसले दिने ? यसपटक हाम्रो प्रतिनिधित्व राष्ट्रपति पौडेलको ध्यानाकर्षणले पक्कै कोपको हानी र नोक्सानी कोषमा रहेको कोषबाट आर्थिक सहयोग पाउने देशको रुपमा नेपाल प्राथमिकतामा पर्नेछ भन्ने अपेक्षा गर्न सकिन्छ ।

आखिर हाम्रो बोली अरण्य रोदन हुँदोरहेछ किनभने हरित ग्यास उत्सर्जन गर्ने देशहरु त विश्वमा तापक्रम वृद्धिले भएको जलवायु परिवर्तनले उनीहरुको औद्योगिक उत्पादनमा कुनै फरक परेको छैन । युद्धमा पड्कने बम, लक्षित बारुदजन्य पदार्थहरुले जलवायुमा मात्र असन्तुलन आएको होइन कि वैश्विक हिंसात्मक युद्धमा समेत बढावा दिएका छन् । त्यसैले हामीले कोपको विपद् कोषको परिचालन, सहयोग र त्यसको सही प्रयोगको रणनीति विश्वासयोग्य बनाउनु जरुरी छ । नेपाल आफ्ना एजेन्डामा स्थिर हुनु जरुरी छ र राजनीतिक नेतृत्वमा जो भए पनि यो तापक्रम वृद्धिको अनुकूलनलाई कसरी हाम्रो तर्फबाट पनि कम गर्न सकिन्छ, त्यसबारेमा पनि अनुसन्धान जरुरी छ । *(लेखक राजनीतिक विश्लेषक हुनुहुन्छ)*

---

***हिउँद ...***

अधिकांश क्षेत्रका कुवा, इनार र खोला सुक्ने हुँदा नगरपालिकाको मात्र नभएर देशकै लागि चुनौती बन्दै गएको नगरप्रमुख श्रवणकुमार यादवको भनाइ छ । अघिल्लो वर्षको हिउँद समयमा कतिपय सुख्खा क्षेत्रमा ट्र्याक्टरमा पानी ओसारेर गाउँबस्तीतिर वितरण गरेको स्मरण गर्दै स्थानीयको समस्याबारे आफू जानकार रहेको र समस्या समाधानका लागि पहल गरिरहेको उहाँ बताउनुहुन्छ ।

"नगरपालिकाले चुरेक्षेत्रलाई लक्षित गरि यस आर्थिक वर्षमा तीनवटा डिपबोरिङ सम्पन्न गर्ने लक्ष्य राखेको छ, जसमध्ये वडा नं ९ को घुर्मीमा एउटा बोरिङ चालु गरिएको छ । अन्य स्थानमा त्यसका लागि प्राविधिक अध्ययन गरिरहेका छौँ", उहाँले भन्नुभयो,"स्थानीय स्रोत र साधनकले मात्र सम्भव छैन । त्यसका लागि प्रदेश तथा केन्द्रमा पनि पहल गरिरहेका छौँ । पानीको चरम अभाव रहेका क्षेत्रलाई प्राथमिकतामा राखेर योजना अगाडि बढाउने छौँ ।" उहाँले नगरका उत्तरी भेगका खोरिया, रामपुरा, सुन्दरपुर, ननुवा लगायतका बस्तीमा पानीको समस्या देखिएको र अब एकीकृतरूपमा समस्या समाधानको पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

पछिल्लो समय चुरेक्षेत्रमा पानीका सतह गहिरिँदै जाँदा ठूला 'डिपबोरिङ' असफल भइरहेकाले यसको विकल्पका बारेमा योजना बनाउनुपर्ने जानकार बताउँछन् । वातावरणविद् दिनेश यादव भन्नुहुन्छ, "डिपबोरिङ पनि खानेपानी समस्या समाधानकको दीर्घकालीन उपाय होइन भन्ने कुरा अन्य ठाउँका अभ्यासले देखाइसकेको छ । त्यसैले चुरे संरक्षणका साथै यहाँका वन व्यवस्थापन, जलाधार क्षेत्र संरक्षण र नदी कटान नियन्त्रणमा तीनै तहका सरकारले एकीकृत योजना बनाएर कार्यान्वयन गर्नुको विकल्प छैन ।"

---

## विश्व समाचार

### चन्द्रमाको टाढाको भागमा पनि ज्वालामुखी विस्फोट भएको थियो

न्युयोर्क, ३० कात्तिक (रासस/एपी)।

हामीले देख्न सक्ने भागमा जस्तै चन्द्रमाको रहस्यमय टाढाको भागमा पनि अर्बौं वर्षअघि ज्वालामुखी विस्फोट हुने गरेको नयाँ अनुसन्धानले पुष्टि गरेको छ ।

अन्वेषकहरूले चीनको चाङ्ग'ई-६ ले फिर्ता ल्याएको चन्द्रमाको माटोको विश्लेषण गरेका थिए । यो थोरै अन्वेषण गरिएको टाढाको छेउबाट चट्टान र माटो लिएर फर्केको पहिलो अन्तरिक्ष यान हो ।

दुई अलग-अलग टोलीले लगभग दुई अर्ब ८० करोड वर्ष पुराना ज्वालामुखीय चट्टानका टुक्राहरू फेला पारेका थिए । एउटा टुक्रा अझै पुरानो थियो । यसको उमेर चार अर्ब २० करोड वर्ष थियो ।

"यस क्षेत्रबाट नमूना प्राप्त गर्न साँच्चै महत्त्वपूर्ण छ किनकि यो त्यस्तो क्षेत्र हो जसको बारेमा हामीसँग कुनै तथ्याङ्क छैन", अनुसन्धानमा संलग्न नभएका एरिजोना विश्वविद्यालयका ग्रहीय ज्वालामुखी विशेषज्ञ क्रिस्टोफर ह्यामिल्टनले भन्नुभयो ।

पृथ्वीबाट देखिने चन्द्रमाको नजिकको भागमा यस्तै समय अवधिमा सक्रिय ज्वालामुखीहरू थिए भन्ने वैज्ञानिकहरूलाई थाहा छ ।

नासाको लुनार रेकोनेसेन्स अर्बिटर लगायतका पूर्व अध्ययनहरूले टाढाको भागमा पनि ज्वालामुखीय इतिहास हुनसक्ने सङ्केत गरेका थिए । पृथ्वीबाट टाढा रहेको त्यस क्षेत्रबाट लिइएका पहिलो नमूनाहरूले सक्रिय इतिहासको पुष्टि गर्दछन् ।

यी नतिजाहरू शुक्रबार नेचर एन्ड साइन्स जर्नलमा प्रकाशित भएका थिए । चीनले चन्द्रमामा धेरै अन्तरिक्ष यान प्रक्षेपण गरेको छ । सन् २०२० मा चाङ्ग'ई-५ अन्तरिक्ष यानले नजिकको भागबाट चन्द्रमाका चट्टानहरू फिर्ता ल्याएको थियो । यो नासाका अपोलो अन्तरिक्षयात्री र सोभियत सङ्घका अन्तरिक्षयानले सन् १९७० को दशकमा सङ्कलन गरेपछिको पहिलो थियो । चाङ्ग'ई-४ अन्तरिक्षयान सन् २०१९ मा चन्द्रमाको टाढाको भागमा पुग्ने पहिलो यान बनेको थियो ।

चन्द्रमाको टाढाको भाग क्रेटरहरूले भरिएको छ र नजिकैको समतल, अँध्यारो मैदानहरू लाभा प्रवाहद्वारा कुँदिएका छन् । अध्ययनका सह-लेखक चिनियाँ एकेडेमी अफ साइन्सेसका क्यु-ली लीका अनुसार यी दुई भाग किन यति फरक छन् भन्ने कुरा अझै रहस्य नै छ ।

लीका अनुसार नयाँ खोजहरूले चन्द्रमाको टाढाको भागमा एक अर्ब वर्षभन्दा बढी समयसम्म भएका ज्वालामुखी विस्फोटहरूको जानकारी दिन्छन् । भविष्यको अनुसन्धानले यो गतिविधि कसरी यति लामो समयसम्म टिक्यो भन्ने कुरा निर्धारण गर्नेछ ।

### स्कोल्जद्वारा पुटिनलाई युक्रेनसँग वार्ता गर्न आग्रह

बर्लिन, ३० कात्तिक (रासस/एएफपी)।

करिब दुई वर्षपछिको पहिलो फोन वार्तामा जर्मन चान्सलर ओलाफ स्कोल्जले शुक्रबार रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई युक्रेनसँग शान्ति वार्तामा संलग्न हुन आग्रह गर्नुभएको छ ।

"स्कोल्जले युक्रेनविरुद्धको रुसको आक्रमणको निन्दा गर्नुभयो र राष्ट्रपति पुटिनलाई यसलाई अन्त्य गर्न तथा सेना फिर्ता लिन आह्वान गर्नुभयो", चान्सलरका प्रवक्ता स्टेफेन हेबेस्ट्रिटले विज्ञप्तिमा भन्नुभयो, "जर्मन नेताले "न्यायपूर्ण र स्थायी शान्ति प्राप्त गर्ने उद्देश्यले युक्रेनसँग वार्ता गर्ने इच्छा देखाउन रुसलाई आग्रह गर्नुभयो ।"

चान्सलर स्कोल्जले रुसी आक्रामकता विरुद्धको लडाइँमा युक्रेनलाई आवश्यक हुँदासम्म समर्थन गर्ने जर्मनीको अटल दृढतालाई पनि जोड दिनुभयो ।

युद्धको महत्त्वपूर्ण मोडमा यो आह्वान आएको छ । युक्रेनी सेनाहरू दबाबमा आइरहेका छन् र संयुक्त राज्य अमेरिकामा डोनाल्ड ट्रम्पको राष्ट्रपति पदमा विजयले किएभलाई वासिङ्टनको निरन्तर समर्थनमा शङ्का उत्पन्न गरेको छ ।

स्कोल्ज र पुटिनबीच सन् २०२२ डिसेम्बरपछि पहिलो पटक कुराकानी भएको र कुराकानी एक घन्टासम्म चलेको जर्मन सरकर स्रोतले बताएको छ ।

"स्कोल्जले विशेष गरी युक्रेनमा नागरिक पूर्वाधारमाथि रुसी हवाई हमलाको निन्दा गर्नुभयो", सरकारी स्रोतले भन्यो, "उहाँले युक्रेनविरुद्ध लडाइँका लागि उत्तर कोरियाली सैनिकहरू रुसमा पठाउँदा द्वन्द्व गम्भीर रूपमा बढ्ने र विस्तार हुने कुरा स्पष्ट पार्नुभयो ।"

क्रेमलिनले कुराकानीको आफ्नो रिडआउटमा दुई नेताहरूले 'स्पष्ट विचार आदानप्रदान' गरेको र यो आह्वान जर्मनीले सुरु गरेको बताएको छ ।

"सम्भावित सम्झौताहरूले रूसी सङ्घको सुरक्षा चासोलाई ध्यानमा राख्नुपर्दछ, नयाँ क्षेत्रीय वास्तविकताहरूबाट अगाडि बढ्नुपर्दछ र सबैभन्दा महत्त्वपूर्ण रूपमा द्वन्द्वका मूल कारणहरूलाई सम्बोधन गर्नुपर्दछ", क्रेमलिनले भनेको छ ।

पुटिनसँगको फोन कुराकानी गर्नुअघि स्कोल्जले युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीसँग कुराकानी गर्नुभएको प्रवक्ता हेबेस्ट्रिटले बताउनुभयो । "जर्मन र युक्रेनी नेताले पहिले नै कुरा गर्नुभएको थियो र रुसी राष्ट्रपतिसँगको कुराकानीपछि फेरि गर्नुहुनेछ" प्रवक्ताले भन्नुभयो ।

# नेपाली यु-१९ महिला क्रिकेट टोलीलाई एनपीएलका टोलीले १० लाख दिने

काठमाडौं, ३० कात्तिक (रासस)।

नेपाल प्रिमियर लिग (एनपीएल)मा सहभागी टोलीहरूले आइसिसी यु-१९ महिला टि-२० विश्वकपमा छनोट भएको नेपाली यु-१९ महिला क्रिकेट टोलीलाई पुरस्कार दिने घोषणा गरेका छन्।

शुक्रबार संयुक्त रूपमा एनपीएलमा आबद्ध टोलीहरूले नेपाली यु-१९ महिला क्रिकेट टोलीलाई रु १० लाख दिने घोषणा गरेका हुन्। युनाइटेड अरब इमिरेट्स (युएई)मा भएको आइसिसी यु-१९ महिला टि-२० विश्वकपको एसिया छनोटको अन्तिम खेलमा युएईलाई आठ विकेटले हराउँदै नेपाल विश्वकपमा छनोट भएको थियो।

नेपाली यु-१९ महिला क्रिकेट टोली बिहीबार साँझ स्वदेश फर्किसकेको छ। यसअघि नेपाल क्रिकेट सङ्घ (क्यान)ले नेपाली टोलीका खेलाडीलाई प्रोत्साहनस्वरूप जनही रु दुई लाख ५० हजार पुरस्कार दिने घोषणा गरेको थियो।

यु-१९ महिला विश्वकप क्रिकेट सन् २०२५ मा मलेसियामा आयोजना हुँदैछ। त्यसअघि नेपालले यु-१९ एसिया कप खेल्नेछ। आगामी मङ्सिर ३० गतेदेखि मलेसियामा हुने एसिसी यु-१९ महिला एसिया कपमा नेपालसहित छ टोलीको सहभागिता रहने छ।

एसियाली क्रिकेट परिषद् (एसिसी) अनुसार समूह 'ए' मा नेपालसहित भारत र पाकिस्तान छन्भने समूह 'बी'मा बङ्गलादेश, श्रीलङ्का र मलेसिया छन्। नेपालले पुस १ गते पाकिस्तानसँग र पुस २ गते भारतसँग प्रतिस्पर्धा गर्नेछ।

# उपनिर्वाचनका लागि ३८ वटा निर्वाचन अधिकृतका कार्यालय स्थापना

काठमाडौं, ३० कात्तिक (रासस)।

आसन्न स्थानीय तह उपनिर्वाचनका लागि शुक्रबार ३८ वटा निर्वाचन अधिकृतका कार्यालय स्थापना गरिएका छन्। उपनिर्वाचन हुने स्थानीय तहमा ३२ वटा मुख्य निर्वाचन अधिकृतको कार्यालय र छवटा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको निर्वाचन आयोगले जनाएको छ।

उपनिर्वाचन हुने सम्बन्धित स्थानीय तह तथा वडाको केन्द्र रहेको स्थानमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको आयोगका प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिनुभयो। आगामी मङ्सिर २ देखि ५ गतेसम्म सम्बन्धित मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन हुनेछन्। मङ्सिर २ गते उम्मेदवारको मनोनयन दर्ता गर्ने कार्यतालिका छ।

मङ्सिर ५ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम छ। मङ्सिर १६ गते आइतबार बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ।

यसैबीच आयोगले सहसचिव नीता पोखरेल अर्याललाई प्रवक्ताको जिम्मेवारी तोकेको छ। आयोगको शुक्रबारको निर्णयानुसार अर्याललाई प्रवक्ता तोकिएको सहायक प्रवक्ता दुर्गाप्रसाद चालिसेले जानकारी दिनुभयो।

# 'मेची-महाकाली राष्ट्रिय उद्धार यात्रा-२०८१' अभियानमा दुई सय ३६ सहयोगापेक्षीहरुको उद्धार

काठमाडौं, ३० कात्तिक (रासस)।

मानवसेवा आश्रम र आनी छोइड डोल्मा फाउन्डेसनको संयुक्त आयोजनामा भएको 'मेची-महाकाली राष्ट्रिय उद्धार यात्रा-२०८१' अभियानका क्रममा दुई सय ३६ सहयोगापेक्षी सडक आश्रित मानवहरुको उद्धार कार्य गरिएको छ। उद्धार हुनेहरुमा एक सय ७९ जना पुरुष र ५७ महिलामध्ये पाँच बालिका र चार बालक रहेको मानवसेवा आश्रमद्वारा शुक्रबार जारी विज्ञप्तिमा जनाइएको छ।

उद्धार गरिएकाहरुमा कोसी प्रदेशबाट ३५ पुरुष र नौ महिला गरी कूल ४४ जना, मधेस प्रदेशबाट २९ पुरुष र ११ महिला गरी कूल ४० जना, बागमती प्रदेशबाट ४० पुरुष र १७ महिला गरी कूल ५७ जना, गण्डकी प्रदेशबाट २७ पुरुष र आठ महिला गरी कूल ३५ जना, लुम्बिनी प्रदेशबाट ४० पुरुष र नौ महिला गरी कूल ४९ जना, कर्णाली प्रदेशबाट दुई पुरुष र एक महिला गरी कूल तीन जना र सुदूरपश्चिम प्रदेशबाट छ पुरुष र दुई महिला गरी कूल आठ जना रहेका छन्।

प्रधानमन्त्री केपी शर्मा ओलीले गत असोज २६ गते बालुवाटारमा यात्राको औपचारिक समुद्घाटन गर्नुभएको थियो भने समापन पनि प्रधानमन्त्री ओलीकै प्रमुख आतिथ्यमा आगामी मङसिर ३ गते नेपाल प्रज्ञा-प्रतिष्ठान, काठमाडौँमा समापन हुने जनाइएको छ। उद्धार कार्य गत असोज २८ गते झापाको मेची पुलबाट सुरु गरिएको थियो। यस राष्ट्रिय उद्धार टोलीले देशका सातैवटा प्रदेशका ४४ जिल्लामा पुगेर सहयोगापेक्षी सडकआश्रित मानवहरुको उद्धारमा सहभागी भएका थिए। उद्धार यात्रामा वरिष्ठ गायिका तथा समाजसेवी आनी छोइड डोल्मा र मानवसेवा आश्रमका संस्थापक/केन्द्रीय अध्यक्ष रामजी अधिकारीलगायत ४७ जनाको सहभागिता रहेको थियो। 'मेची-महाकाली राष्ट्रिय उद्धार यात्रा-२०८१' को सम्पूर्ण खर्च आनी छोइड डोल्मा फाउन्डेसनले व्यहोरोको थियो।

यसअघि पनि आश्रमले २०७९ सालमा पहिलो र २०८० सालमा दोस्रो मेची-महाकाली राष्ट्रिय उद्धार यात्रा सम्पन्न गरिसकेको छ। यस आश्रमले स्वयं आफ्नो लागि आफैँ केही गर्न नसक्ने अवस्थामा रहेका, हेरचाह र पालनपोषण गरिदिनेसमेत कोही नभएका सहयोगापेक्षी (बेसहारा, असहाय, अशक्त, अभिभावकविहीन, मानसिक तथा शारीरिक रुपमा अतिकमजोर र अनाथ मानवहरू) हालसम्म १० हजार सात सय ६४ जनाको उद्धार गरिसकेको छ। तीमध्ये चार हजार दुई सय १६ जनाको परिवारसँग पुनर्मिलन गराई घरमै पुनःस्थापना गरिसकेको छ। त्यस्तै आठ सय ७७ जनाको सामुदायिक पुनःस्थापना गरिएको छ।

मानसिक असन्तुलनको अस्वस्थताका कारण पारिवारिक पुनर्मिलन हुन नसक्ने अवस्थामा रहेका एक हजार नौ सय छ जना संस्थाको २५ वटा सेवा केन्द्रहरुमा आश्रित गराई स्वास्थ्य सेवा दिलाइरहेको छ भने हालै उद्धार गरिएका दुई सय ३५ जना सहयोगापेक्षी सडक मानवहरूलाई आश्रमका १५ वटा सेवाकेन्द्रमा संरक्षण गरी खाना नाना, छाना, स्वास्थ्य र शिक्षाको व्यवस्था गरिएको आश्रमले जनाएको छ।

'यो पटकको चाडपर्वमा कसैले बस्न नपरोस् सडक पेटीमा' भन्ने मूल नाराका साथ तेस्रो 'मेची-महाकाली राष्ट्रिय उद्धार यात्रा-२०८१' सफलतापूर्वक सम्पन्न भएको र यसले मानवताको प्रवर्द्धनको अभियानलाई संस्थागत गर्न सहयोग पुग्ने फाउन्डेशनकी अध्यक्ष डोल्मा बताउनुहुन्छ।

सरकारले आव २०८१/८२ को नीति तथा कार्यक्रममा नेपाललाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण गर्ने सङ्कल्प गरिनुले यस संस्थाको लक्ष्य २०८२ घोषणाको लागि निकै ठूलो आधार निर्माण भएको आश्रमका संस्थापक अध्यक्ष अधिकारी बताउनुहुन्छ।

विसं २०६९ मा मकवानपुर, हेटौँडामा औपचारिक रूपमा स्थापना भएको मानवसेवा आश्रमले सातवटै प्रदेशका १९ जिल्लाका २५ सेवा केन्द्रहरुमार्फत बेसहारा, असहाय, अशक्त, अभिभावकविहीन, मानसिक तथा शारीरिकरुपमा अति कमजोर र अनाथहरुको उद्दार गरी उपचार, संरक्षण तथा पारिवारिक पुनर्मिलन गराउँदै आएको छ।

# 'बङ्गलादेश विद्युत् निर्यात नेपालका लागि ऐतिहासिक उपलब्धि'

काठमाडौँ, ३० कात्तिक (रासस)।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले नेपालबाट बङ्गलादेश विद्युत् निर्यात हुनु नेपालका लागि ऐतिहासिक उपलब्धि भएको बताउनुभएको छ। नेपालमा उत्पादित विद्युत् शुक्रबारदेखि बङ्गलादेश निर्यात शुभारम्भ कार्यक्रममा बोल्दै उहाँले भन्नुभयो, "दक्षिण एसियामा दिगो ऊर्जा भविष्यको लागि आजको दिन ऐतिहासिक हो।"

उहाँले नेपाल विद्युत् प्राधिकरण, बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड र एनटिपीसी विद्युत् व्यापार निगम लिमिटेडबीच गत असोज १७ गते त्रिपक्षीय विद्युत् बिक्री सम्झौतामा भएको हस्ताक्षरले यस उपलब्धिको लागि मार्ग प्रशस्त गरेको उल्लेख गर्नुभयो।

बङ्गलादेशमा विद्युत् निर्यातमा सहजीकरण गर्ने भारत सरकार र विद्युत् आयत गर्ने बङ्गलादेश सरकारलाई उहाँले धन्यवाद दिनुभयो। उक्त निर्यातले ऊर्जा सुरक्षा, आर्थिक वृद्धि र वातावरणीय दिगोपनलाई सहयोग पुगको उहाँको भनाइ थियो। ऊर्जामन्त्री खड्काले सम्झौता र निर्यातले दुई देशबीचको आर्थिक विकासलाई सहयोग पुग्नुका साथै एकताबद्ध हुन सहयोग पुग्ने बताउनुभयो।

नेपाल-भारत र बङ्गलादेशबीच गत असोज १७ (अक्टोबर ३)का दिन त्रिपक्षीय सम्झौता भइ भारतको केन्द्रीय विद्युत् प्राधिकरणले भारतीय प्रसारण लाइन हुँदै बङ्गलादेश विद्युत् निर्यातको अनुमति दिएको थियो। शुक्रबारदेखि ४० मेगावाट बिजुली बङ्गलादेश निर्यात सुरु गरिएको हो। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्का, भारतका विद्युत्मन्त्री मनोहरलाल खट्टर र बङ्गलादेशका ऊर्जा जलस्रोत मन्त्रालयका सल्लाहकार मोहमद फजुल कबिर खानले भर्चुअल माध्यमबाट बङ्गलादेश विद्युत् निर्यातको स्वीच अन गरेर औपचारिक शुभारम्भ गर्नुभएको हो।

कार्यक्रममा भारतका विद्युतमन्त्री खट्टरले भारतको प्रसारण लाईन प्रयोग गरेर दक्षिण एशियाली मुलुकमा विद्युत् विस्तार गर्ने काम सराहनीय भएको बताउनुभयो। उहाँले नेपालका विभिन्न जलविद्युत् परियोजनामा भारतले लगानी गरेको बताउँदै उक्त परियोजना सम्पन्नताले विद्युत् विस्तारमा थप सहजीकरण हुने विश्वास व्यक्त गर्नुभयो।

मन्त्री खट्टरले नेपालको विद्युत् उत्पादन विकासमा भारत सरकार सहयोग गर्न तयार रहेको बताउनुभयो। हरित ऊर्जाको दीगो विकासका लागि यस्ता सम्झौताले सहयोग पुग्ने उहाँको भनाइ थियो।

बङ्गलादेशका ऊर्जा जलस्रोत मन्त्रालयका सल्लाहकार खानले क्षेत्रीय ऊर्जा समन्वयका लागि यस्ता सम्झौताले ठूलो सहयोग पुगेको बताउनुभयो। यस्ता सहकार्यले एकीकृत ऊर्जा विकासमा दक्षिण एशियाली देशलाई समृद्ध बनाउँदै दीगो विकासलाई सहयोग पुग्ने उहाँको भनाइ थियो। उहाँले कार्वन उत्सर्जनलाई शून्यमा झार्ने नीति लिएको बङ्गलादेशलाई नवीकरणीय ऊर्जाको बाटोमा जान नेपालका जलविद्युतले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

ऊर्जा मन्त्रालयका सचिव सुरेश आचार्यले त्रिदेशीय ऊर्जा सम्झौता र निर्यात दक्षिण एशियाको इतिहासमा लामो समयसम्म स्मरणीय हुने बताउनुभयो।

सम्झौता अनुसार नेपालले जुन १५ देखि नोभेम्बर १५ सम्म ४० मेगावाट विद्युत बङ्गलादेश निर्यात गर्नेछ। नेपालले निर्यात गरेको बिजुली ४०० केभी प्रसारण लाइन हुँदै ढल्केबरबाट भारतको मुजफ्फरपुर-बहरामपुर हुँदै बङ्गलादेशको भेरमारासम्म पुऱ्याइनेछ। यो यामका लागि आज एक दिन मात्र बिजुली निर्यात हुनेछ।

कार्यक्रममा ऊर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङ, मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रबल अधिकारी, परराष्ट्र मन्त्रालयका सहसचिव भृगु ढुङ्गाना, ऊर्जा मन्त्रालयका सहसचिवद्वय चिरञ्जीवी चटौत र जीवछ मण्डल, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलगायतको सहभागिता रहेको थियो।

# ठगी गर्ने तीन पक्राउ

काठमाडौं, ३० कात्तिक (रासस)।

वैदेशिक रोजगारमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देशमा पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा तीन जना पक्राउ परेका छन्।

काठमाडौं अपराध अनुसन्धान कार्यालयको टोलीले सोलुखुम्बुको नेचासल्यान गाउँपालिका-३ की २२ वर्षीया प्रितिका बास्तोला, चितवनको भरपुर महानगरपालिका-१० की ३६ वर्षीया शारदा सुवेदी र भरतपुर महानगरपालिका-४ का २५ वर्षीय सुरज कँडेललाई पक्राउ गरेको हो।

प्रितिकाले युनाइटेड अरब इमिरेट्स (युएई) को दुबईका लागि एक जनाबाट रु दुई लाख तथा शारदा र सुरजले संयुक्त अधिराज्य बेलायतका लागि एक/एक जनाबाट रु एक/एक लाख लिई सम्पर्कविहीन भएको भन्ने पीडितको उजुरीका आधारमा पक्राउ गरिएको कार्यालयका प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो। तीनैजनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको छ।

# रवि लामिछानेलाई पुनःपोखरा ल्याइयो

गण्डकी, ३० कात्तिक (रासस)।

सहकारी ठगी प्रकरणमा अनुसन्धानका क्रममा रहनुभएका पूर्व गृहमन्त्री एवं राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई शुक्रबार भैरहवाबाट पोखरा ल्याइएको छ।

बुटवलको सुप्रिम सहकारीको रकम ठगी अभियोगमा अनुसन्धानमा रहेका लामिछानेलाई भैरहवामा बयान सकिएपछि शुक्रबार पोखरा ल्याइएको हो।

अनुसन्धानका सन्दर्भमा उहाँलाई गत मङ्गलबार पोखराबाट भैरहवा लगिएको थियो। शुक्रबार दिउँसो १:३० बजे यति एअरलाइन्सको विमानबाट उहाँलाई पोखरा ल्याइएको कास्की प्रहरीका प्रवक्ता बसन्तकुमार शर्माले जानकारी दिनुभयो।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढारहौं।

**अनुरोधकर्ता**

**तिरहुत गाउँपालिका**

**गाउँ कार्यापालिकाको कार्यालय**

सप्तरी, मधेश प्रदेश

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*